# गोदावरी नगरपालिका

**Godawari Municipality**

**नगर कार्यपालिकाको कार्यालय**

**बज्रवाराही, ललितपुर**

**बागमती प्रदेश, नेपाल**

**(वातावरण संरक्षण ऐन, २०७६ दफा ३ को उपदफा ५ सँग सम्बन्धित)**

## प्रारम्भिक वातावरणीय परीक्षण मस्यौदाको प्रतिवेदन सम्बन्धी सार्वजनिक सुनुवाइको सूचना

गोदावरी नगरपालिकामा गोदावरी टेक्निकल कलेज निर्माण कार्यको लागी प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाइको सूचना

बागमती प्रदेश, ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं. २ मा गोदावरी नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| |
|---|
| प्रस्तावकको नाम र ठेगानाः गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गोदावरी, ललितपुर |
| इमेल र सम्पर्क नं: godawari.nagarpalika@gmail.com, ०१-५५७२५९२ |
| प्रस्तावको नामः गोदावरी टेक्निकल कलेज निर्माण कार्यको लागी प्रारम्भिक वातावरणीय परीक्षण |
| प्रभावित जिल्ला/न.पा/वडाः बागमती प्रदेश, ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं. २ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय संरक्षण नियमावली २०७७ को दफा ६ सँग सम्बन्धित रहेर गोदावरी नगरपालिकामा गोदावरी टेक्निकल कलेज निर्माण कार्यको लागी मस्यौदा प्रतिवेदन तयार भई अन्तिम वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के–कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न त्यस क्षेत्रका स्थानीय तहका प्रतिनिधि, स्थानीय बासी, सामुदायिक वन उपभोक्ता समूहको प्रतिनिधि, तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले निम्न उल्लेखित मिति तथा स्थानमा तोकिएको समयमा उपस्थित भइदिनु हुन विनम्र अनुरोध गर्दछौं।

**स्थानःगोदावरी नगरपालिका वडा नं. २, बिशंखुनारायण**

**समय: १:०० बजे**

**मिति: २०७७/०९/२८**

**वीरेन्द्रदेव भारती**

**प्रमुख प्रशासकीय अधिकृत**